नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**

हरिहरभवन, पुल्चोक, ललितपुर
नेपाल ।

# प्रेस विज्ञप्ती

जिल्ला प्रहरी कार्यालय हेटौडाको प्रहरी टोलिले चेकजाँचको क्रममा हेटौडा उपमहानगरपालिका स्थित रातोमाटे चेकपोष्टमा विना विल विजक लुकाई छिपाई बसमा लैजादै गरेको ६ किलो २८९ ग्राम ३५० मिलिग्राम सुन बरामद गरी राजस्व अनुसन्धान कार्यालय पथलैयामा दाखिला भई अनुसन्धान गरिएकोमा प्राप्त सबै सबुद प्रमाणबाट प्रतिवादी भारत कर्नाटक राज्य Karopady Village Bantwal Taluk Kudpolthadka Post Karopady-dakshinakannada बस्ने अब्दुल मजिद अनेकल, 115/117 Taiba Chambers Chakla Shark, Devji Street, Mohammed Ali Road, Mubai MR स्थायी ठेगाना भएका रोशन पटेल भिनिने LUKHMANUL HAKEEM र यश इम्पोर्ट एण्ड एक्सपोर्ट कन्सर्न प्रा.लि.(स्थायी लेखा नं. ६०९६१८४४) का सञ्चालक राजेश गुरुङ्गले पटक पटक सुन चोरी पैठारी गरी राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(क) र (ग) बमोजिमको राजस्व चुहावटको कसुर गरेको पुष्टि हुन आएकोले ऐ. ऐन बमोजिम अब्दुल मजिद अनेकल, LUKHMANUL HAKEEM र राजेश गुरुङ्गको हकमा २,४३,८६,८०,३१६/- (अक्षरुपी दुई अरब त्रिचालिस करोड छयासी लाख असी हजार तीन साय स्रोह रुपैया मात्र), यश इम्पोर्ट एण्ड एक्सपोर्ट कन्सर्न प्रा.लि.(स्थायी लेखा नं. ६०९६१८४४) का


टेलिफोन : ५५२७८८५ महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक,
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६०-०१-५५०००
इमेल : info@dri.gov.np,वेभसाइट :www.dri.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**

हरिहरभवन, पुल्चोक, ललितपुर
नेपाल ।

सञ्चालक राजेश गुरुङ्गको हकमा थप रु ४,३०,७९,४३२/- (अक्षरुपी चार करोड तीस लाख उन्नासी हजार चार सय बत्तीस रुपैया मात्र), श्री भैरब स्टोर्स (स्थायी लेखा नं. ३०३७३८६००) का प्रोप्राइटर सञ्जिव श्रेष्ठको हकमा ४,५६,०६,८२७/-(अक्षरुपी चार करोड छपन्न लाख छ हजार आठ सय सत्ताईस रुपैया मात्र) र का.म.न.पा.-२ बस्ने शंकर घिमिरेको हकमा ४,२९,५१३/-(अक्षरुपी चार लाख उनान्तिस हजार पाँच सय तेह्र रुपैया मात्र) बिगो कायम गरी उल्लिखित कसुर अपराधमा ऐ. ऐनको दफा २३ बमोजिम उक्त बिगो रकम असुल गरी सो को शतप्रतिशत जरिवाना र कैद सजाय हुन माग दाबी लिई मिति २०७८/०१/१२ गते उच्च अदालत हेटौंडामा मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान**
**विभाग**

**नतिजामुखी प्रशासनः समृद्धि र सुशासन**
टेलिफोन : ५५२७८८५ महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक,
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६०-०१-५५०००
इमेल : info@dri.gov.np,वेभसाइट :www.dri.gov.np